म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २०९ २०८१ असार ७ गते शुक्रबार 2! June 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

### बजेट विवादमा बागमती प्रदेश सभा अवरुद्ध

# आर्थिक मामिला मन्त्री हावी भएको आरोप, सत्तापक्ष नै असन्तुष्ट

समाज संवाददाता

हेटौँडाः आगामी आर्थिक बर्ष २०८१/८२ का लागि प्रदेश सभामा प्रस्तुत भएको बजेटको विषयमा विवाद हुँदा बागमती प्रदेश सभा बैठक अवरुद्ध बनेको छ । बिहिबार प्रदेश सभामा सभामुख भुवन कुमार पाठकले आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियालाई प्रदेश सभा बैठकमा आगामी आर्थिक बर्षको बजेटमाथि छलफलका लागि प्रस्ताव पेश गर्न आव्हान गर्नुभए लगत्तै प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका प्रदेश सभा सदस्यले बैठक अवरुद्ध गरेको हो ।



प्रदेश सभा बैठक अवरुद्ध गर्न राप्रपाका प्रदेश सभा सदस्य पनि सहभागी भएका थिए । बिहिबार बिहान ११ बजेका लागि बोलाइएको प्रदेश सभा बैठक ढिलो गरी दिउँसो १ बजे मात्रै सुरु भएको थियो । बजेटमा आर्थिक मामिला तथा योजना मन्त्री हावी भएको भन्दै प्रदेशसभा बैठकमा विरोध भएको हो । बजेटमा आर्थिक मामिला तथा योजना मन्त्री हावी भएको भन्दै बजेट पुनर्लेखन गर्न माग गरेका छन् । आगामी आर्थिक बर्ष २०८१/०८२ को बजेट माथि असन्तुष्टि व्यक्त गर्दै उनीहरुले बजेट पुनर्लेखनको माग राखेका हुन् । बैठकमा विशेष समय माग गरेर बोल्दै कांग्रेस संसदीय दलका नेता बहादुर सिं लामाले बजेट पुनर्लेखन नभएसम्म सदनमा बजेटमाथिको छलफल अगाडि नबढ्ने चेतावनी समेत दिनुभयो ।

लामाको बोल्ने समय सकिए लगत्तै कांग्रेस र राप्रपाका सदस्यहरुले बेञ्चबाट उठेर सदनमा विरोध जनाएका थिए । सभामुख पाठकले सदन सञ्चालन गर्न पटक-पटक रुलिङ गरेपनि कांग्रेस र राप्रपाका प्रदेश सभा सदस्यहरुले सदनमा नाराबाजी गरेका थिए । प्रतिपक्षी दलका प्रदेश सभा सदस्यहरुले विरोध नरोकिएपछि अन्ततः दिउँसो ३ बजेसम्मका लागि स्थगित भएको बैठक सूचना टाँस गरी शुक्रबार बिहान ११ बजेसम्मका लागि स्थगन गरिएको थियो ।

प्रतिपक्षी दलका प्रदेश सभा सदस्यले आर्थिक रुपमा तालमेल नमिलेको, आफूहरुलाई उपलब्ध गराएको बजेट पुस्तिका गलत भएको, अर्थ विविध शीर्षकको बजेट लुकाइएको आरोप लगाएका छन् । प्रदेश सभा सदस्यहरुले बजेट वक्तव्य र कार्यक्रम किताबमा बजेटको आकार फरक परेको, नियमन गर्ने आर्थिक ममिला तथा योजना मन्त्रालयमा विकासे मन्त्रालयको रुपमा बजेट राखेको बताएका थिए ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिं लामाका अनुसार बजेट अस्पष्ट र असन्तुलित रहेको छ । सरकारले बजेटमा चालु खर्चमा अर्थ विविधको बजेट राखेको, बजेटमा आर्थिक अराजकता देखिएको, वक्तव्यमा ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट ल्याएर झुक्यायउने काम गरेको उहाँले दावी गर्नुभयो । सरकारले आर्थिक अनुशासन र सुशासनको विषयलाई बेवास्ता गरेर बजेटमा आय र व्ययको हिसाब फरक गरेको उहाँको भनाई छ ।

राप्रपा नेपाल बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले बजेट पुस्तिका र बजेटको पाण्डुलिपी नै फरक भएको बताउनुभयो । उहाँले विपद् व्यवस्थापनको बजेट पूँजीगत खर्च शिर्षकमा राख्ने काम गरेको बताउनुभयो । आय व्यय र खर्च शिर्षक नै निक्योल गर्न सरकार असक्षम भएको उहाँको भनाई छ । बजेट कार्यक्रममा शिर्षकहरु दोहोरोपन देखिएको र प्रदेश सभा सदस्यहरुलाई उपलब्ध गराएको सिलिङ अनुसारको कार्यक्रम प्राप्त हुन नसकेको उहाँले बताउनुभयो । उक्त विषयहरु बजेटमा समावेश नभएसम्म प्रदेश सभा बैठक चल्न नसक्ने नेता थापाले बताउनुभएको छ ।

#### सत्तापक्षको असन्तुष्टि

प्रदेश सरकारले सार्वजनिक गरेको बजेटमा सत्तारुद्ध दलकै प्रदेश सभा सदस्यहरुले असन्तुष्टि व्यक्त गरेका छन् । सत्तारुढ दल एकीकृत समाजवादी र माओवादी केन्द्रका प्रदेश सभा सदस्यहरुले बजेटमा त्रुटि भएको स्वीकार गर्दै असन्तुष्टि व्यक्त गरेका हुन् । नेकपा एकीकृत समाजवादी पार्टी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले बजेटका त्रुटि सच्याउन माग गर्नुभएको छ । उहाँले बजेटले आम नागरिकको मागलाई सम्बोधन गर्न नसकेको र बजेट सिस्टम नै फेल गर्ने गरी कार्यक्रमहरु समावेश भएको दावी गर्नुभयो ।

उहाँका अनुसार प्रदेश सभा सदस्यहरुले उठान गरेको विषयलाई बजेटमा समेट्न नसकेको र आर्थिक मामिला तथा योजना मन्त्रीले आफू अनुकुल बजेट चलाउनुभएको छ । बजेट निर्माणको चरणमा प्रदेशसभाका दलहरु बीच भएको सहमतिलाई समेत आर्थिक मामिला तथा योजना मन्त्रीले सम्बोधन गर्न नसकेको उहाँको भनाई छ । माओवादी केन्द्रका प्रदेश सभा सदस्यले बजेटले प्रदेशको समृद्धिको विषयहरु छुटेको र थुप्रै त्रुटिहरु रहेकाले त्यसलाई समेट्न जरुरी रहेको बताए । माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका मुख्य सचेतक रत्न प्रसाद ढकालले बजेट त्रुटिपूर्ण रहेकाले हुवहु स्वीकार गर्न सक्ने अवस्था नरहेको स्पष्ट पार्नुभयो ।

बजेटमा भएका त्रुटिलाई सच्याएर नयाँ बजेट पुस्तिका छपाई गरेर ल्याउनु पर्ने उहाँले भनाई छ । बजेटमा प्रदेशका महत्वपूर्ण विषयहरु छुटेकाले त्यसलाई समेट्नुपर्ने र बजेट निर्माणको क्रममा भएका छलफल र सहमतिहरु पनि छुटेको उहाँले बताउनुभएको छ । प्रदेश सरकारले असार १ गते प्रदेशसभा बैठकमा आगामी आर्थिक बर्षका लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । प्रदेश सरकारले चालु आर्थिक बर्षको तुलनामा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट ल्याएको छ । सरकारले आगामी आर्थिक बर्षका लागि कुल बजेटमध्ये चालुतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगततर्फ ३६ अर्ब ३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको छ ।

#### विवाद समाधान गर्न सर्वदलीय बैठक बस्दै

बागमती प्रदेश सरकारको बजेट माथिको विवाद मिलाउन आज शुक्रबार सर्वदलीय बैठक बस्दैछ । बजेट त्रुटिपूर्ण र असन्तुलित भएको भन्दै बिहिबार प्रदेश सभा बैठक अवरुद्ध भएको थियो । उक्त विवाद मिलाउन सर्वदलीय बैठक बस्ने तय भएको हो ।

बैठक बिहान १० बजे बस्ने तयारी रहेको छ । बैठकमा बजेट कार्यक्रम र प्रदेश सभा सदस्यहरुलाई उपलब्ध गराएको सिलिङ, बजेटको आकार लगायतका विषयमा छलफल हुनेछ । बैठकमा बजेटमा देखिएको समस्या समाधानको उपाय खोजिने माओवादी केन्द्र संसदीय दलका मुख्य सचेतक रत्न प्रसाद ढकालले बताउनुभएको छ । बजेटमा भएका समस्यालाई सम्बोधन गर्ने र छुटेका विषयलाई समेट्ने विषयमा बैठकले निश्कर्ष निकाल्ने तथा प्रदेश सभा बैठकको अवरोध हटाउन भूमिका खेल्ने उहाँको भनाई छ ।

#### बागमती प्रदेशसभा बैठक बस्दै

बागमती प्रदेशसभा बैठक आज शुक्रबार बस्दैछ । प्रतिपक्षी दलको विरोधसँगै अवरुद्ध भएको बैठक शुक्रबार बिहान ११ बजेसम्मका लागि आह्वान गरिएको हो । बैठकमा प्रदेश सरकारको आगामी आर्थिक बर्षको बजेट माथिको छलफल हुने कार्यसूचि रहेको छ । बजेट माथिको छलफलका लागि बिहिबार बिहान ११ बजेका लागि बोलाइएको बैठकमा प्रतिपक्षी दलको अवरोधसँगै बैठक दिउँसो ३ बजेका लागि स्थगित गरिएको थियो । दिउँसो ३ बजे बस्ने तय गरिएको बैठक दलहरुबीच सहमति हुन नसकेपछि सूचना टाँस गरी स्थगित गरिएको थियो ।

प्रदेश सरकारको बजेट सन्तुलित नभएको र दलीय रुपमा बजेटका विषयमा भएका सहमति कार्यान्वयन नभएको भन्दै प्रदेश सभामा प्रतिपक्षी दलले अवरोध गरेका थिए । बजेटमा भएका असन्तुलन र त्रुटिलाई सच्याउने तथा प्रदेश सभाको बैठक संचालनको विषयमा दलका नेताहरु छलफलमा भइरहेको छ । बजेट माथिको विाद समाधान गर्न आजै सर्वदलीय बैठक समेत बस्दैछ ।

सर्वदलीय बैठकले बजेटको कमिकमजोरी पक्षलाई सुधार गर्ने र छुटेका विषयलाई समेट्ने विषयमा छलफल गर्नेछ । उक्त विषयहरु समेटेर बजेटलाई सन्तुलित र व्यवस्थित बनाउने सरकारले तयारी रहेको छ ।

## बजेट पुनर्लेखन नभए प्रदेश सभा चल्न दिन्नौंः प्रमुख प्रतिपक्षी दलका नेता लामा

हेटौँडाः बागमती प्रदेश सभामा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको दलका नेता बहादुर सिं लामाले बजेट पुनर्लेखन नभएसम्म प्रदेश सभा सञ्चालन हुन नसक्ने चेतावनी दिनुभएको छ । प्रदेश सरकारको आगामी आर्थिक बर्षको बजेट माथिको छलफल गर्न बिहिबार दिउँसो बसेको प्रदेशसभाको बैठकमा बोल्नुहुँदै नेता लामाले बजेट अस्पष्ट र सन्तुलित नभएकाले पुनर्लेखनको माग गर्नुभएको हो ।

नेता लामाले सरकारले बजेटमा चालु खर्चमा अर्थ विविधको १ अर्ब बढी बजेट राखिको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । बजेटमा आर्थिक अराजकता देखिएको उल्लेख गर्नुहुँदै वक्तव्य र कार्यक्रम पुस्तिकामा बजेटको आकार नै फरक रहेकाले बजेट स्वीकार गर्न नसकिने उहाँको भनाई छ ।

'बजेट कार्यक्रमको पीडीएफ फाइल र कार्यक्रम पुस्तिका नै परिवर्तन गरिएको छ । वक्तव्यमा ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट ल्याइएको छ । कार्यक्रम पुस्तिकामा ६६ अर्बको कार्यक्रम कसरी आयो ? सरकारले सांसदको आँखामा छारो हाल्ने काम गरि रहेको छ', लामाले भन्नुभयो, 'सरकार छल-कपट गरेर जनता छक्याउन केन्द्रित भएको छ । आर्थिक मामिला मन्त्रालय नियमन गर्ने हो कि विकासे मन्त्रालय ? अर्थ विविधमा दोहोरो बजेट राखिएको छ ।'

सरकारले प्रदेश सभालाई नै असक्षम र असफल बनाउने काम गरिरहेको उहाँको जीकिर छ । आर्थिक अनुशासन र सुशासनको विषयलाई बेवास्ता गर्दै सरकारले बजेट ल्याएको उहाँले आरोप छ । बजेटमा आय र व्ययको हिसाब समेत मिलाउन नसकेको, नीति तथा कार्यक्रमको तरतम्य र बजेटको प्राथमिकता नै निर्धारण हुन नसकेको, बजेटले आर्थिक, सामाजिक, भौगोलिक विषयलाई सन्तुलित गर्न नसकेको उहाँको भनाई छ ।

'प्रदेशको आर्थिक वृद्धिदर ६ प्रतिशत अनुमान गरिएकोमा १.८ प्रतिशत मात्र रहेको छ । जुन अन्य प्रदशेको तुलनामा सबैभन्दा कम रहेको छ । प्रदेश सरकारको कार्यक्रम प्रभावकारी नहुँदा आर्थिक वृद्धिदर समेत कम भएको हो', लामाले भन्नुभयो । सरकारले ल्याएको अस्पष्ट बजेटमा १ लाख र ५ लाखका योजना समावेश गरेर पैसा छर्ने काम गरेको उहाँले बताउनुभयो । साना/साना योजनामा बटेज हाल्दा कार्यान्वयन र नियमनमा समस्या हुने भन्दै उहाँले ध्यानाकर्षण गराउनुभएको छ ।

## छर्रा लागेर घलान घाइते

हेटौँडाः मकवानपुरको कैलाश गाउँपालिका-१०, कोशिराङमा भरुवा बन्दुकको छर्रा लागेर एक जना घाइते भएका छन् । घाइते हुनेमा ३१ वर्षीय बिजय घलान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मंगलबार दिउँसो ४ बजेको समयमा घलान आफ्नै बारीमा बाँदर लखेट्ने क्रममा भरुवा बन्दुक पड्काउँदा छर्रा लागेर घाईते भएका थिए । घाइते घलानलाई उपचारका लागि हेटौँडा ल्याइएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले घलानको नजिकैबाट भरुवा बन्दुक नियन्त्रणमा लिएको छ । बन्दुकको लाईसेन्स समेत नभएको प्रहरीले जनाएको छ ।

## असार मसान्तसम्म १० प्रकारका आयुर्वेदिक औषधीको उत्पादन हुने

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकार मातहतको आयुर्वेद औषधी केन्द्रले असार मसान्तसम्ममा १० प्रकारका आयुर्वेदिक औषधी उत्पादन गर्ने भएको छ । बागमती प्रदेशलाई आत्मनिर्भर बनाउने भन्दै प्रदेश सरकारले जडिबुटिको उत्पादन र प्रशोधन गर्ने औषधी केन्द्रको स्थापना गरेको थियो । चितवन जिल्लाको रत्ननगर नगर पालिकामा रहेको आयुर्वेद औषधी केन्द्रले औषधी उत्पादन सुरु गर्न लागेको बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयका प्रशासक खगेश्वर गेलालले जानकारी दिनुभएको छ ।

औषधी उत्पादन गर्नका लागि मन्त्री परिषद्ले अनुमति दिइसकेको छ । यस्तै, आयुर्वेद औषधी केन्द्रले आर्थिक वर्ष २०८१/०८२ मा २३ प्रकारका औषधीको उत्पादन गर्ने लक्ष्य राखेको छ । मन्त्रालयले जनसङ्ख्या नीति बनाउने कार्यमा गरिरहेको गेलालले बताउनुभयो । मन्त्रालयले चालु आर्थिक बर्ष २०८०/८१ मा कुल ३३ वटा गतिविधि गर्ने योजना बनाएकोमा हालसम्म २९ वटा गतिविधि सम्पन्न गरिसकेको जनाएको छ ।

गेलालका अनुसार मन्त्रालयले १० बर्षदेखि १४ बर्ष उमेर समूहका किशोरकिशोरीहरु दिने भनेको हुय्मन प्यापिलोमाभाईरसको खोप दिन नसकेको, महिलाहरुको पाठेघरको मुखको क्यान्सर सम्बन्धी कार्य गर्न नसकेको, मस्तिष्कघातसम्बन्धी योजनाका लागि छुट्याइएको २ करोड बजेटको कार्यान्वयन गर्न नसकेको र महामारीजन्य रोग प्रतिकार्यका लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न नसकेको बताइएको छ ।

आगामी आर्थिक बर्ष २०८१/०८२ मा मन्त्रालयले कुल २५ वटा बुँदामध्ये नसर्ने रोग र मानसिक स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको छ । यस विषयमा सरोकारवालासँग समन्वय गरिने उहाँको भनाई छ । बागमती प्रदेशले सरकारी तथा माध्यमिक तहसम्म पढाई हुने ४ सय ८४ वटा विद्यालयमा नर्स राख्ने भएको छ । विद्यालय नर्स मार्फत विद्यार्थी, अभिभावक, शिक्षक र हरेक घरसम्म स्वास्थ्यका विभिन्न पक्षका बारेमा सन्देश पुऱ्याएर स्वस्थ जीवनशैली बन्ने उहाँको विश्वास छ ।

मन्त्रालयले सबै नीतिमा स्वास्थ्य नीतिहरु पास गरेको उहाँको भनाई छ । मन्त्रालयले लोपोन्मुख जनजाति महिलाले स्वास्थ्य संस्थामै प्रसुती सेवा लिन आएर पूण खोप लगाएमा ५ हजार रुपैयाँ नगद प्रोत्साहन गरिरहेको छ । यस्तै, हालसम्म ख वर्गमा शारीरिक अशक्त व्यक्ति, लोपोन्मुख सिमान्तकृत, आश्रममा आश्रित, महिला स्वास्थ्य सवयम्सेविकाहरुलाई पूर्ण बीमा दिने गरिएकोमा आगामी बर्ष गरिब दलितलाई पनि समावेश गर्ने बाताइएको छ ।

## लागुऔषध गाँजासहित ठाकुर पक्राउ

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटेबाट मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित १ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरी जिल्लाको एकडाँडा गाउँपालिका-४ का २८ वर्षीय राम लोचन ठाकुर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बुधबार दिउँसो १ बजेर ३० मिनेटको समयमा हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको बा ४ ख १९३४ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसमा सवार ठाकुरको साथबाट लागुऔषध गाँजा बरामद गरेको थियो । प्रहरीले ठाकुरको साथबाट ४ किलो ५ सय ग्राम गाँजा बरामद गरेको जनाएको छ । लागुऔषध गाँजासहित ठाकुरलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जानकारी दिएको छ ।

## कर्मचारी आवश्यकता

*सूचना प्रकाशित मितिः: २०८१ असार ७ गते*

शिक्षा तालिम तथा सामुदायिक सेवा-नेपाल (ETSC Nepal) एक गैरसरकारी सामाजिक संस्था हो जसले मकवानपुर जिल्लाका विपन्न तथा पिछडिएका वर्गहरुको जीवनस्तर सुधार गर्न सक्रिय रुपमा योगदान पुऱ्याइरहेको छ । मानव संरक्षण, वातावरण र आर्थिक दिगोपना सम्बन्धी कार्यक्रम कार्यान्वयनको निम्ति निम्न पद योग्यता पुगेका इच्छुकलाई आवेदन आव्हान गरिन्छ ।

**पद**ः अनुगमन तथा मुल्याङ्कन अधिकृत (M & E Officer)-१ जना

योग्यता तथा अनुभवः स्नात्तक वा सो सरह उत्तीर्ण गरी कम्तिमा २ वर्षको सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको, सूचना प्रविधि, डकुमेन्टेसन, समुदाय परिचालन र परियोजना कार्यान्वयन गर्ने विषयमा ज्ञान भएको साथै अंग्रेजी र नेपाली भाषामा प्रतिवेदन लेख्न सक्ने ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरूः**

१) Reference सहितको बायो डाटा
२) निवेदन (Cover letter)

निवेदन बुझाउने अन्तिम मितिः २०८१ असार २१ गतेसम्म
निवेदनः संस्थामा आवश्यक कागजातहरु सहित निवेदन पेश गर्न सकिनेछ वा संस्थाको ईमेल ठेगाना (etsc.nepal@etscn.org.np) मा पनि पठाउन सकिनेछ ।
परीक्षाको किसिमः कागजातका आधारमा प्रारम्भिक छनोटमा परेका उम्मेरद्वारलाई लिखित तथा मौखिक परीक्षामा समावेश गरिनेछ ।
सेवा सुविधाः संस्थाको नियमानुसार ।

अन्य थप जानकारीका लागि ईटिएससी नेपाल हेटौँडा-१५, फारलाईन, मकवानपुर सम्पर्क नम्बर ९८०१५७१३७१, ९८६०४३९७५० मा सम्पर्क गर्न सक्नु हुनेछ ।

**नोट**ः संस्थाको पदपूर्ति समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

## सम्पादकीय

# तजबिजी बजेटले समस्या

बजेटको सामान्य अर्थ आय र व्ययको विवरण हो । बजेटलाई आर्थिक गतिविधिको ऐना पनि भन्ने गरिन्छ । संसदीय व्यवस्थामा सरकारले प्रत्येक वर्ष बजेट ल्याउने गर्दछ । सरकारले ल्याउने बजेट गत आर्थिक वर्षको आर्थिक गतिविधिहरुको अभिलेख, चालु आर्थिक वर्षका आर्थिक गतिविधिहरुको चित्रण र आगामी वर्षका गतिविधिहरुको प्रक्षेपित अनुमानको दस्तावेज बन्नुपर्छ । सरकारले अर्थतन्त्रको विगत, वर्तमान र भविष्यको वास्तविक र अनुमानित प्रक्षेपणको आधारमा आफ्नो बजेट निर्माण गर्नुपर्छ । सरकारले निर्माण गर्ने आवधिक योजना र वार्षिक योजना, नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने माध्यम पनि बजेट नै हो । प्रभावकारी र यथार्थतामा आधारित बजेट बनाएर त्यसलाई कुशलतापूर्वक परिचालन गर्न सकेमा सरकारले अपेक्षाअनुसारको काम गर्न सक्छ र गरेका कामले आशातित नतिजा पनि दिन्छ ।

पछिल्ला वर्षहरुमा नेपालमा संघ, प्रदेश र स्थानीय सरकारले बनाउने बजेटप्रति असन्तुष्टि बढ्दै गएको छ । सरकारले सन्तुलित बजेट बनाउन नसकेको, व्यक्तिगत पहुँचको आधारमा कुनै निर्वाचन क्षेत्र वा जिल्लामा बढी बजेट विनियोजन गरेको, बजेटलाई वितरणमुखी बनाइएको, बजेटमा धेरै टुक्रे कार्यक्रममा समावेश गरेर कार्यकर्ता पोस्न खोजेकोजस्ता आरोप लाग्ने गरेको छ । संघीय सरकारको अर्थमन्त्री, प्रधानमन्त्री र नेकपा एमाले अध्यक्षको निर्वाचन क्षेत्रमा बजेटको ओइरो लगाइएको भन्दै आलोचना भइरहेको छ । संघीय सरकारकै भौतिक पूर्वाधारमन्त्रीले कर्णाली क्षेत्रका १० वटा जिल्लामा भन्दा बढी बजेट आफ्नो निर्वाचन क्षेत्रमा छुट्याएकोमा प्रतिनिधिसभामा बिरोध भइरहेको छ । बागमती प्रदेश सरकारले ल्याएको बजेटको विषयमा पनि व्यापक विवाद सुरु भएको छ । बजेट सार्वजनिक गर्नेवित्तिकै स्वयम् मुख्यमन्त्रीले नै आफूसँग छलफल भएको भन्दा फरक बजेट आएको भन्दै असहमति प्रकट गरेका थिए । बजेट निर्माणको मुख्य जिम्मेवारी पाएका प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्रीले तजबिजी बजेट ल्याएको भन्दै बिहीबारको प्रदेशसभा बैठक नै अवरुद्ध भएको छ ।

नागरिकको प्रत्यक्ष सरोकार रहने र सरकारलाई आम जनतासँग जोड्ने मन्त्रालयको बजेट कटौती गर्दै विकासे र वितरणमुखी मन्त्रालयको बजेट बढाएकोमा बागमती प्रदेशको आर्थिक मामिला मन्त्रीको आलोचना भएको छ । प्रदेशको आर्थिक मामिला मन्त्रालयको बजेट झण्डै दोब्बर बनाइएको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको बजेट ७३ प्रतिशत बढी कटौती गरिएको छ । कृषि तथा पशुपछी विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालयको बजेट कटौती गरिएको छ । वितरणमुखी कार्यक्रम रहेका संस्कृति तथा पर्यटन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयको बजेट बढाइएको छ । प्रदेश सरकारमा शक्तिशाली मानिएका मन्त्रीले नेतृत्व गरेको मन्त्रालयको बजेट पनि बढाइएको छ ।

बजेट निर्माणको जिम्मेवारीमा रहेका र आफ्नो पहुँच बनाउन सक्ने पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीले बजेटको मूल्य, मान्यता र सिद्धान्तलाई बेवास्ता गर्दा बजेट विवादित बन्ने गरेको हो । विशेषगरी संघीय तथा प्रदेश सरकारको बजेटप्रति तिब्र आलोचना र असन्तुष्टि व्यक्त हुने गरेको छ । बजेट निर्माणको मुख्य जिम्मेवारी पाएका अर्थमन्त्रीले जतबिजी बजेट ल्याउने, विभागीय मन्त्रीहरुले आफ्नो मन्त्रालयको बजेट आफ्नो निर्वाचन क्षेत्र वा गृहजिल्लामा खन्याउने, प्रधानमन्त्री/मुख्यमन्त्रीको सिफारिमा परेका योजना तथा कार्यक्रमले बजेटमा प्राथमिकता पाउने, पहुँचवाला राजनीतिक नेतृत्वले आफू अनुकूल कार्यक्रममा सजिलै बजेट विनियोजन गराउने परिपाटीले बजेटप्रति असन्तुष्टि बढाएको हो । "आफ्नै हात, जगन्नाथ" भन्ने उक्तिलाई चरितार्थ गर्दै तजबिजी बजेट निर्माण गर्ने परिपाटीले बजेटको दुरुपयोग हुनुका साथै लक्षित उपलब्धी हासिल हुँदैन । वास्तविकतामा आधारित भएर आवश्यकता र प्राथमिकताका आधारमा यथार्थपरक बजेट नबनाउँदासम्म बजेटप्रतिको असन्तुष्टि अन्त्य गर्न सकिँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |


## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**वृष** : धार्मिक एवं सामाजिक कामबाट लाभ प्राप्त ।
**मिथुन** : व्यवसायिक कामबाट लाभ प्राप्त हुने समय छ ।
**कर्कट** : कार्यक्षमताले प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**सिंह** : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुनेछ ।
**कन्या** : प्रयत्नले महत्वपूर्ण वस्तु हात पर्ने समय छ ।
**तुला** : शारीरिक अस्वस्थता बढ्ने समयको योग छ ।
**वृश्चिक** : सामाजिक एवं धार्मिक कृत्यमा सरिक भइने छ ।
**धनु** : धार्मिक एवं आध्यात्मिक चेतनामा वृद्धि होला ।
**मकर** : पेशागत र व्यवसायिक स्थिति सामान्य छ ।
**कुम्भ** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मीन** : धार्मिक कामबाट भाग्योदय हुने समयको योग छ ।

# अल्छी बनाउने रेमिटेन्सको टेकोमा अर्थतन्त्र



✍शिवराज खड्का



हरेक वर्ष करिब ५ लाख थप जनशक्ति नेपाली श्रम बजारमा प्रवेश गर्छन् । तिनका लागि स्वदेशमै उत्पादनशील र मर्यादित रोजगारी पर्याप्त छैन । त्यसकारण अहिले हरेक घरबाट एक वा दुई सदस्य बिदेसिरहेका छन् । बिदेसिनुमा केही रहर होला, धेरै बाध्यता छ । त्रिभुवन विमानस्थलमा वृद्ध बुबाआमाले हात-ओठ कपाउँदै श्रीमती, छोराछोरीका आँखाभरि आँसु बगाएर बिदाइ गरेका दृश्यले जो-कोहीको मन दुख्छ। ती चाहे पढ्ने नाममा हुन्, चाहे श्रमका लागि बिदेसिएका किन नहुन् ।

मुलुकबाट युवा र श्रमशक्ति बाहिरिने क्रम दिन-प्रतिदिन बढ्दै जानु आफैंमा सुखद हुन सक्दैन । तथापि अहिलेको अवस्थामा मुलुकका लागि यो बाध्यात्मक परिस्थिति हो भन्दा फरक पर्दैन । पछिल्लो समय उद्योग क्षेत्र घट्दै गयो भने सेवा क्षेत्र एकदमै बढ्दै गयो । कृषिक्षेत्रको योगदान क्रमशः ओरालो लाग्यो । कृषिक्षेत्र वास्तविक रूपमा रूपान्तरणमा लैजानै सकिएन। अनुपातमा कुल गार्हस्थ्य उत्पादनमा परिवर्तन भए पनि यसले नयाँ रोजगारी सिर्जना गर्न सकेन। आर्थिक वृद्धि औसतमा ४ प्रतिशतकै वरिपरि मात्रै सीमित बन्न पुग्यो । यो आर्थिक वृद्धिले अझै पनि थप नयाँ रोजगारी सिर्जना नगर्ने प्रस्ट देखाएको छ।

पछिल्लो समय मुलुकको अर्थतन्त्र धान्ने सबैभन्दा बलियो खम्बा भनेको विप्रेषण अर्थात् रेमिटेन्स आम्दानी भएको छ । देशमा भित्रिने रेमिटेन्स बढ्दा अर्थतन्त्रका परिसूचकहरू सकारात्मक देखिने र घट्दा नकारात्मक देखिनुले समेत अहिले मुलुकको अर्थतन्त्र रेमिटेन्समा निर्भर छ भन्दा फरक पर्दैन । अहिले रेमिटेन्स आप्रवाह बढेकाले अर्थतन्त्रका परिसूचकमा समेत सुधार देखिएको हो। विशेष गरी मुलुकको शोधनान्तर स्थिति, विदेशी मुद्राको सञ्चितिजस्ता अर्थतन्त्रका बाह्य परिसूचकहरू मजबुत बन्दै गएको देखिएको छ । यसैलाई आधार बनाएर सरकारले अर्थतन्त्र सुधारोन्मुख रहेको जनाएको छ।

विदेशमा रगत-पसिना बगाएर पठाएको रेमिटेन्सले झट्ट हेर्दा पैसा प्राप्त गर्ने परिवारका सदस्यसँगै मुलुकै खुसी देखिन्छ। स्वदेशमा रोजगारी सिर्जना गर्न नसकिरहेको अवस्थामा युवाहरू विदेश गएकाले सरकारले ठूलो जिम्मेवारीबाट मुक्त भएको महसुस गरेको छ भने अर्कातर्फ कुनै कडा मेहनतबिना महिनैपिच्छे खर्बौं रुपैयाँ मुलुक भित्रिएकाले सरकार गमक्क भएर बसेको देखिन्छ । रेमिटेन्स आप्रवाहमा भएको वृद्धिले सरकारमात्र नभई आम्दानी प्राप्त गर्ने घरपरिवारसमेत आफूहरू आर्थिक रूपमा सुरक्षित भएको महसुस गरेका देखिन्छन्।

यसैको परिणामस्वरूप अहिले मुलुकका विभिन्न क्षेत्रमा लाखौं हेक्टर खेतीयोग्य भूमि बाँझो रहेको तथ्यांक बाहिर आएका छन्। रेमिटेन्स आम्दानी वृद्धि हुँदै गएसँगै सहज र सुविधाजनक जीवनशैलीको खोजीमा पहाडबाट तराईमा तथा गाउँबाट सहरमा बसाइँ सर्ने प्रवृत्ति बढेको छ भने आधुनिक जीवनशैलीको मोहले अधिकांश मानिसलाई अल्छी बनाएको देखिएको छ। उत्पादनभन्दा पनि आयातित वस्तुमा रमाउने बानी पर्न थालेको छ। यसैकारण मुलुकको आन्तरिक उत्पादन घट्दै गएको छ भने आयात बढ्दै गएको छ, तथापि अहिले आयात पनि घटेको छ।

पछिल्लो डेढ वर्षयता हरेक महिना १ अर्बभन्दा बढीले रेमिटेन्स नेपाल भित्रिँदै आएको छ । मासिक रूपमा हेर्दा चालु आर्थिक वर्षका १० महिनामध्ये गत असोजमा सबैभन्दा धेरै १ खर्ब ३७ अर्ब रुपैयाँ र गत माघमा सबैभन्दा कम १ खर्ब ५ अर्ब रुपैयाँ रेमिटेन्स नेपाल भित्रिएको छ। सोहीअनुसार गत वैशाखमा १ खर्ब १६ अर्ब रुपैयाँ रेमिटेन्स भित्रिएको छ । राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को १० महिना अर्थात् साउनदेखि वैशाखसम्मको तथ्यांकअनुसार रेमिटेन्स आप्रवाह गत वर्षको १० महिनाको तुलनामा २३.४ प्रतिशतले बढेर ११ खर्ब ९८ अर्ब ६० करोड रुपैयाँ भित्रिएको छ। गत वर्षको तुलनामा यो १९.२ प्रतिशतले वृद्धि हो ।

यस अवधिमा वैदेशिक रोजगारीका लागि ३ लाख ७४ हजार ८ सय ८७ जनाले अन्तिम श्रम स्वीकृति र २ लाख ३७ हजार ८ सय ९३ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । राष्ट्र बैंकका अनुसार गत वैशाखसम्म अमेरिकी डलरमा विदेशी मुद्रा सञ्चिति १४ अर्ब ५४ करोड पुगेको छ । गत असारको तुलनामा यो २४.२ प्रतिशतले बढेको हो। ०८० असार मसान्तमा यस्तो सञ्चिति ११ अर्ब ७१ करोड डलर थियो । चालु आर्थिक वर्षको १० महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.१ महिनाको वस्तु आयात र १२.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ।

०८१ वैशाख मसान्तमा मुलुकमा रहेको विदेशी विनिमय सञ्चिति कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को अनुपातमा ३४ प्रतिशत हो। गत वैशाखसम्म मुलुकको चालु खाता १ खर्ब ९३ अर्ब २५ करोडले बचतमा छ। गत वर्षको सोही अवधिमा चालु खाता ६३ अर्ब ७४ करोडले घाटामा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४९ करोड ३६ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब ४५ करोडले बचतमा रहेको प्रतिवेदनले देखाएको छ। विदेशी मुद्रा सञ्चिति दबाबमा रहेको भन्दै गत वर्ष सरकारले १० वटा वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो। गत वैशाखसम्म शोधनान्तर स्थिति ३ खर्ब ९२ अर्ब ६४ करोडले बचतमा छ।

झट्ट हेर्दा अर्थतन्त्रको स्वास्थ्य अवस्था सबै ठीकठाक देखिन्छ । तर, रेमिटेन्सले फुलेको अर्थतन्त्रको हावा कुनै पनि दिन खुस्किन सक्छ। केही वर्षअगाडि कोरोना महामारीले विश्व अर्थतन्त्रमा पारेको असरले नेपालीको वैदेशिक रोजगारी र रेमिटेन्समा समेत नकारात्मक असर पारेको थियो । यसको प्रभाव नेपालको समग्र अर्थतन्त्रमा पनि देखिएको थियो। तसर्थ रेमिटेन्समा निर्भर हुनु भनेको हामी अरू देशको अर्थतन्त्रमा निर्भर हुनु हो भनेर पनि भन्ने गरिन्छ । यस्तो निर्भरतालाई न्यूनीकरण गर्नका लागि अहिलेको समयमा वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, सीप र ज्ञानलाई आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धिमा परिचालन गर्नुपर्ने आवश्यकता छ।

यसर्थ रेमिटेन्स छोटो अवधिको स्रोत हो। रेमिटेन्सले मात्रै देशको उन्नति हुँदैन, आन्तरिक उत्पादन र आय पनि बढ्नुपर्छ। रेमिटेन्स उपभोगमुखी छ। प्राप्त भएको ८० प्रतिशत त वस्तु आयात गर्नै बाहिरिने गर्छ। अनि यो फुलेको अर्थतन्त्र नभएर के त ? रेमिटेन्सबाट प्राप्त आम्दानीको सदुपयोग गरी मुलुकको आन्तरिक उत्पादन कसरी बढाउन सकिन्छ भन्ने विषयमा गम्भीर बहस चलेको देखिँदैन। सरकारले के हेक्का राख्नुपर्छ भने रेमिटेन्सलाई स्थायी आम्दानीको स्रोतका रूपमा लिन सकिँदैन । मुलुकमा अहिलेकै गतिमा रेमिटेन्सको आप्रवाह सधैंभरि भइरहने कुनै प्रत्याभूति गर्न सकिँदैन। किनकि, रेमिटेन्स आम्दानी हाम्रो वशमा हुँदैन ।

विदेशमा दुःखसुख गरी पठाइएको रेमिटेन्सको रकम अनुत्पादक क्षेत्रमा खर्च भइरहेको सबैलाई थाहा छ। रेमिटेन्सको प्रयोग घरघडेरी, महँगो मोबाइल, स्कुटी, मोटरसाइकल खरिदमा प्रयोग भइरहेको छ । गाउँबाट सहर प्रवेश गर्ने प्रवृत्तिले खेतीपातीको चलन हराएको छ। सीमापारि भारतबाट आयात भएको तरकारी भान्सामा पाकिरहेको छ । दुःख गरेर पठाएको रकमले के गर्नुपर्छ भन्नेबारेमा आर्थिक साक्षरता अभावले पनि रकमको दुरुपयोग भइरहेको छ । स्वदेश भित्रिएको रेमिटेन्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ। लगानीमुखी हुन जरुरी छ।

सरकारले रेमिटेन्स पठाउनेले सीधै विविध परियोजना तथा कम्पनीमा लगानी गर्ने वा उनीहरूका परिवारलाई रोजगारी सिर्जना हुने वातावरण सिर्जना गर्नुपर्छ। उनीहरू फर्किएर नेपाल आएपछि रोजगारीको सुनिश्चितता पनि हुने योजना ल्याउनुपर्छ । सामूहिक लगानीमार्फत सुनिश्चित प्रतिफलको ग्यारेन्टी दिनुपर्छ। स्वदेशमै उत्पादन कार्यलाई प्रोत्साहन गर्नुपर्छ । आयातित नभई आत्मनिर्भर अर्थतन्त्रमा जोड दिनुपर्छ। त्यसका लागि गैरआवासीय नेपालीका संघसंस्थाले पनि दिगो विकास कसरी गर्न सकिन्छ भन्ने सवालमा योजनासहित अघि बढ्न जरुरी छ।

त्यसो त रेमिटेन्सको पैसाले घर-व्यवहार चलाउन, बालबच्चा पढाउन, स्वास्थ्य उपचार तथा पोषणयुक्त खानेकुरा खानमा पनि धेरै खर्च भएको देखिन्छ। जसले बिस्तारै घरपरिवार पनि गरिबीबाट माथि उठ्न र अर्थतन्त्र लयमा आउन सघाउ पुगेको छ । नेपालीको प्रतिव्यक्ति आय बढ्न मद्दत पुग्नु, गरिबीको रेखामुनि रहेका जनसंख्या ४२ प्रतिशतबाट घटेर १६ मा झर्नु, मानव विकास सूचकांक न्यूनदेखि मध्यम मानव विकास सूचकांकमा पुग्नु, शिशु मृत्युदर घट्नु तथा औसत आयु बढ्नुजस्ता सामाजिक एवं आर्थिक अवस्थामा आएका सुधारका पछाडि सबैभन्दा बढी योगदान रेमिटेन्सको नै देखिन्छ।

नेपालीको भर रेमिटेन्स भए पनि अझै पनि कृषिक्षेत्रलाई अर्थतन्त्रको मेरुदण्ड मानिन्छ। यद्यपि पछिल्ला वर्षमा यो क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा गर्ने योगदान भने घट्दै गएको छ । रेमिटेन्सजस्तो एउटा क्षेत्रमै देशको सम्पूर्ण अर्थतन्त्र निर्भर हुँदा कुनै पनि बेला अर्थतन्त्रमा अकल्पनीय क्षतिको सामना गर्नुपर्ने र यसको न्यूनीकरणका लागि मुलुकभित्रै कृषि, उद्योग तथा सेवा क्षेत्रलाई समेत समानान्तर अघि बढाउनुपर्ने आवश्यकता छ।

गरिखानेभन्दा किनिखाने संस्कृति हावी हुनु राम्रो होइन। रेमिटेन्समा निर्भर घरधुरीका सदस्यलाई ससाना भए पनि उत्पादनमूलक र आयमूलक काममा लगाउन सकेमात्र रेमिटेन्सको सही सदुपयोग भएको मान्न सकिन्छ । नेपाललाई पुग्ने तरकारी, चामललगायत यस्तै खाद्यान्नका अरू थुप्रै उत्पादन हामी आफैं उत्पादन गर्न सक्छौं। तर, हामीले उत्पादन बढाएनौं, केवल आयात मात्रै गरिरह्यौं र पनि समृद्धिको गफ गरि नै रहेका छौं। विदेशी तरकारी किनेर नेपाल समृद्धितर्फ जाला त ?

मूलतः कृषिबाट परिवर्तन सम्भव हुँदाहुँदै पनि सरकारका तर्फबाट त्यसको प्रभावकारितामा खासै चासो नदेखाउँदा हामी आत्मनिर्भर बन्न सकिरहेका छैनौं। खाद्यान्न, लत्ताकपडा, हरियो तरकारी, फलफूललगायत विविध सामग्रीमा पर निर्भर रहनुपर्ने बाध्यात्मक अवस्था हाम्रो मुलुकमा कायमै छ । हामी कुनै पनि वस्तुमा निर्भर हुन सकिरहेका छैनौं। त्यसै कारण हामीलाई महँगीले थिचिरहेको छ। खाद्य सामग्रीको आयात बढ्दै जाँदा बेलाबखत कृत्रिम अभाव उत्पन्न गराएर कालोबजारी फस्टाइएको सर्वविदितै छ। बल्ल-बल्ल उत्पादन गरेका वस्तुको उचित बजार व्यवस्था हुन नसक्दा किसानले उत्पादन गरेका कृषि सामग्रीले उचित बजार नपाएर लगानी डुबेका छन्। स्वदेशी उत्पादनलाई प्राथमिकता नदिँदा किसानले बेलाबेलामा बारीमै तरकारी छोड्नुपर्ने, दूध सडकमै पोख्नुपर्ने, अन्डा सडकमै फाल्नुपर्ने तथा उखु किसानले आन्दोलन गर्नुपर्ने विडम्बना मुलुकभित्र छ। समयमा मल नपाउने, उचित सिँचाइको व्यवस्था नहुने, आकाशे पानीको भर पर्नुपर्नेजस्ता सयौं समस्या छन् ।

माटोलाई माया गर्ने र माटोसँग रमाउने नेपालीलाई आज रेमिटेन्सले अल्छी बनाएको छ । परिवारको एक व्यक्तिले विदेशबाट पठाएको रेमिटेन्सले उसको सिंगो परिवार बिनाश्रम पाल्न सक्ने हुँदा कृषिमा जाँगर बढ्नै छोडेको अनुमान लगाउन गाह्रो पर्दैन । गाउँगाउँमा यस्ता विकृतिले कृषि उत्पादनमा कमी आएको छ । यस्तो अवस्था सरकारले देख्दादेख्दै कुनै पहलका कार्य नगर्दा हामी परनिर्भर भई बाँच्नुको विकल्प रहँदैन। रेमिटेन्सको रकम गाउँगाउँमा थप उत्पादन बढाउन प्रयोग हुन सक्थ्यो । तर, त्यो गरिएको छैन। हाम्रा नीति बन्ने तर कार्यान्वयनमा नजाने समस्या पनि ज्यूँका त्यूँ छन् ।

अहिले अर्थतन्त्रमा सुस्तता छाएको छ। यतिबेला निजी क्षेत्र र लगानीकर्तालाई प्रोत्साहन गर्नुपर्छ। अर्थतन्त्र नराम्रो होइन, हामी सबै मिलेर राम्रो गराउन सक्छौं भनेर सन्देश दिनुपर्छ । कुनै एक दिन आर्थिक विषयमा गम्भीर छलफल गर्ने, अरू दिन हात बाँधेर बस्ने प्रवृत्तिले हामीलाई कहीँ पनि पुर्याउँदैन। सुधारमा जानका लागि सत्तामा बसेकाहरूको इच्छाशक्ति देखिनुपर्छ । त्यसैगरी काम गर्ने शैली परिमार्जन गर्नु आवश्यक छ। किनभने कृषिबालीको भण्डार तराई नै

## बागमतीको बजेट

# उत्कृष्ट नारा, फितलो कार्यान्वयन संयन्त्र

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा विकास लक्षित विभिन्न नाराहरु समेटेको छ । कुल ६४ अर्ब ५४ करोड रुपैयाँको बजेटमा विषेशगरी कृषि तथा वन र समामाजिक क्षेत्रमा नाराहरु समावेश गरिएका छन् ।

शब्द चयन र लयवद्ध उत्कृष्ट नारा समेटिएको बजेट कार्यक्रम कार्यान्वयनको संयन्त्र भने फितलो देखिन्छ । प्रदेश सरकारले लिएका केही विकास निर्माणका नारा विगतकै निरन्तरता हो, जुन चालु आर्थिक वर्षमा पनि कार्यान्वयनमा आउन सकेको छैन । आंशिकरुपमा कार्यान्वयनमा आएका नारासहितका कार्यक्रमहरुको प्रभावकारिता र उपलब्धी निकै न्यून देखिन्छ ।

प्रदेश सरकारले विगतकै निरन्तरतामा कृषि क्षेत्रमा बागमती प्रदेशको अभियानः वडा वडामा उत्पादन, एक वडा एक कृषि उत्पादन, बागमती प्रदेश सरकारको बाचा, दूध उत्पादन र माछा, एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र, एक प्रांगारिक मल उत्पादन कारखानालगायत कार्यक्रम अघि सारेको छ । उक्त कार्यक्रहरुको कार्यान्वयन र उपलब्धी भने न्यून रहेको छ ।

### बागमती प्रदेशको अभियानः वडा वडामा उत्पादन

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बागमती प्रदेशको अभियानः वडा वडामा उत्पादन भन्ने नारासहित खाद्यान्न, फलफूल, तरकारी तथा पशुपालनमा संलग्न साना किसानहरुलाई व्यावसायिक उत्पादनतर्फ प्रोत्साहित गर्न एक वडा एक कृषि उत्पादन कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन गरेको छ । स्थानीय तहसँग सहकार्य गरी सहभागितामा आधारित उक्त कार्यक्रम सञ्चालन गर्न ३० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

### एआई जडित कृषि उपक्रमः प्रविधिमैत्री स्मार्ट फर्म

प्रदेश सरकारले नवीन सोच भएका युवा उद्यमीलाई कृषिमा आकर्षित गर्न तथा नवप्रवर्तनमार्फत् कृषि उत्पादन लागत घटाउन स्मार्ट एग्रिकल्चर कार्यक्रम अघि सारेको छ । प्रदेश सरकारले प्रतिस्पर्धात्मक क्षमता बढाउन एआई जडित कृषि उपक्रमः प्रविधिमैत्री स्मार्ट फर्मको अवधारणाअनुरुप सो कार्यक्रम अघि सारेको हो । सोही अवधारणाअन्तर्गत प्रदेश सरकारले उच्चस्तरका कृषि क्षेत्रका विज्ञहरुलाई स्वदेशमा नै कामको वातावरण बनाउन कृषि ज्ञानरत्न प्रोत्साहन कार्यक्रम सञ्चालनको तयारी गरेको छ । सो कार्यक्रमका लागि प्रदेश सरकारले २ करोड रुपैयाँ विनियोजन गरेको छ ।

बागमती प्रदेश सरकारको बाचा, दूध उत्पादन र माछा प्रदेश सरकारले विगतको निरन्तरताको रुपमा बागमती प्रदेश सरकारको बाचा, दूध उत्पादन र माछा भन्ने नारालाई आत्मसात गर्दै उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्ने भएको छ । प्रदेश सरकारले सो नाराअन्तर्गत दूग्ध व्यवसायमा संलग्न किसानहरुलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन कार्यक्रमलाई स्थानीय तहबाट कार्यान्वयन हुनेगरी सशर्त अनुदान उपलब्ध गराउन बजेट विनियोजन गरेको हो । उक्त कार्यक्रमका लागि प्रदेश सरकारले २० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । सोही नाराअन्तर्गत प्रदेश सरकारले माछापालन व्यवसायलाई व्यवस्थित र विस्तारित गर्दै मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरेको छ ।

### प्रांगारिक मल उत्पादन कारखाना

प्रदेश सरकारले चालु आर्थिक वर्षको निरन्तरताको रुपमा प्रांगारिक मल कारखाना स्थापनाको कार्यक्रम अघि सारेको छ । प्रदेश सरकारले रासायनिक मलको अत्याधिक निर्भरतालाई घटाउँदै वैकल्पिक मलको प्रयोगलाई प्रोत्साहन गर्न एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र, एक प्रांगारिक मल उत्पादन कारखाना स्थापना कार्यक्रम अघि सारेको हो । स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा कार्यान्वयन गर्न ७ करोड रुपैयाँ विनियोजन गरेको छ । चालु आर्थिक वर्षको बजेटमा ५ करोड रुपैयाँका १० वटा कारखाना स्थापना गर्ने सरकारको योजना रहे पनि कार्यान्वयन भने हुन सकेको छैन ।

### बागमती प्रदेशको सानः मेहनती किसान

प्रदेश सरकारले बागमती प्रदेशको सानः मेहनती किसान भन्ने नाराका साथ किसानहरुको सूचीकरण र वर्गीकरण तथा प्रोत्साहन गर्ने कार्यक्रम तय गरेको छ । संघीय सरकार र स्थानीय तहसँगको समन्वयमा कृषि पेशामा निरन्तर संलग्न रहेका किसानहरुको सूचीकरण र वर्गीकरण गरी किसानको आत्मसम्मानलाई अभिवृद्धि गर्न उक्त कार्यक्रम तयार पारिएको हो । सो कार्यक्रम प्रदेश सरकारबाट दिइने प्रोत्साहनलाई लक्षित वर्गका किसानहरुसम्म पुर्‍याउने बजेटमा व्यवस्था गरिएको छ ।

### पर्यटन र संस्कृतिः राष्ट्रको समुन्नति

प्रदेश सरकारले पर्यटन र संस्कृतिः राष्ट्रको समुन्नति भन्ने नाराका साथ पर्यटकको बसाइ लम्ब्याउने योजना बनाएको छ । सो कार्यक्रमअन्तर्गत प्रदेशलाई आकर्षक पर्यटक गन्तव्यको रुपमा विकास गरी पर्यटकको बसाइ अवधि लम्ब्याउन र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटन पूर्वाधार निर्माण तथा सुधार गर्ने सरकारको तयारी रहेको छ ।

### स्वदेशमै कमाऔं, स्वदेशमै रमाऔं

प्रदेश सरकारले उद्यमशीलता प्रवर्द्धन गर्न स्वदेशमै कमाऔं, स्वदेशमै रमाऔं भन्ने नारा अंगाल्ने भएको छ । उक्त नाराअन्तर्गत स्वरोजगारका पर्याप्त अवसर सिर्जना गर्न प्रदेशका सबै निर्वाचन क्षेत्रमा सीप, प्रविधि हस्तान्तरण तथा परामर्श सेवासहितको उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारले बजेट विनियोजन गरेको छ ।

### दिगो वन व्यवस्थापनः अर्थतन्त्रमा योगदान

प्रदेश सरकारले वन र अर्थतन्त्रलाई जोड्न दिगो वन व्यवस्थापनः अर्थतन्त्रमा योगदान नारासहित कार्यक्रम तयार गरेको छ । वन पैदावारको प्रभावकारी व्यवस्थापन र उत्पादन वृद्धि गरी हरित रोजगारी सिर्जना गर्दै अर्थतन्त्रमा योगदानका लागि दिगो वन व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सो नाराअन्तर्गतको कार्यक्रमका लागि प्रदेश सरकारले ६ करोड ३२ लाख रुपैयाँ विनियोजन गरेको छ ।

### पारिस्थितिकीय प्रणालीको पुनःस्थापना, स्वच्छ वातावरण हाम्रो चाहना

प्रदेश सरकारले पारिस्थितिकीय प्रणालीको पुनःस्थापना, स्वच्छ वातावरण हाम्रो चाहना नाराका साथ वृक्षरोपण, मिचाहा प्रजातिहरुको नियन्त्रण कार्यक्रम निर्माण गरेको छ । प्रदेश सरकारले पारिस्थितिकीय प्रणालीको पुनरुत्थानका लागि डाँडापाखा, पर्ती चौर, नदी उकास जमिनलगायत हैसियत बिग्रँदै गएको वन क्षेत्रमा रैथाने बहुमूल्य प्रजाति, बाँस/अम्रिसोको सघन वृक्षरोपण तथा मिचाहा प्रजातिहरुको नियन्त्रण कार्यक्रममार्फत् सो नारालाई साकार गर्ने र उक्त कार्यक्रमका लागि १० करोड ९४ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

### संरक्षित जलाधार समुन्नतिको आधार

प्रदेश सरकारले संरक्षित जलाधार समुन्नतिको आधार भन्ने नाराका साथ समुदायमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम अघि बढाएको छ । उक्त कार्यक्रममार्फत् जैविक, भौतिक तथा मानवीय दृष्टिले सबैभन्दा जोखिमपूर्ण जलाधार क्षेत्रमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिने र एकीकृत जलाधार व्यवस्थापन गरिनेछ । सो कार्यक्रमका लागि प्रदेश सरकारले ७० करोड ५० लाख रुपैयाँ बजेट छुट्याएको छ ।

### हरित सहर हाम्रो रहरः स्वच्छ र हरित सहरका लागि सामुदायिक पहल

हरित सहर हाम्रो रहरः स्वच्छ र हरित सहरका लागि सामुदायिक पहल नारासहित प्रदेशमा प्लाष्टिकजन्य पदार्थको प्रयोग नियन्त्रणको कार्यक्रम तर्जुमा गरेको छ । स्थानीय तह र सामुदायिक संघ/संस्थाहरूको समन्वय र सहकार्यमा सहरी क्षेत्र, राजमार्गका छेउछाउ, ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय क्षेत्रहरुमा प्लाष्टिकजन्य पदार्थहरुबाट बढ्दो प्रदूषण नियन्त्रणका लागि सो कार्यक्रम कार्यान्वयन गरिनेछ । उक्त नाराअन्तर्गत बागमती प्रदेशमा शून्य प्लाष्टिकजन्य पदार्थ अभियान सञ्चालनका लागि १ करोड ६१ लाख रुपैयाँ बजेट छुट्याएको छ ।

हरित सहर हाम्रो रहर अभियानअन्तर्गत एक घर एक बिरुवा रोपण कार्यक्रम सञ्चालन गर्ने सरकारको तयारी रहेको छ । प्रदेशका सबै सहरी क्षेत्रमा स्थानीय तहसँगको सहकार्यमा घरको नक्सा पास गर्दा एक घर एक बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ । सो नाराअन्तर्गत सहरी क्षेत्रमा वातावरणीय स्वच्छता कायम गर्न सडक किनार वृक्षरोपण कार्यक्रम सञ्चालनका लागि ५ करोड ९४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

### स्वस्थ नागरिक गुणस्तरीय जीवन

प्रदेश सरकारको स्वस्थ नागरिक गुणस्तरीय जीवन भन्ने नाराका साथ सेवालाई विकास र विस्तार गर्न बजेटको व्यवस्था गरिएको छ ।

### मेरो स्वास्थ्य, मेरो जिम्मेवारी

नसर्ने रोगको रोकथामका लागि प्रदेश सरकारले मेरो स्वास्थ्य, मेरो जिम्मेवारी अभियान सञ्चालन गर्ने भएको छ । उक्त अभियानअन्तर्गत सिकलसेल एनिमिया, हेमोफिलिया, थालासेमिया, अटिजमलगायतका स्वास्थ्य समस्या निःशुल्क परीक्षण गर्ने व्यवस्था गर्ने भएको छ ।

### गरिबसँग प्रदेश सरकार

प्रदेश सरकारले गरिबसँग प्रदेश सरकार भन्ने नाराका साथ प्रदेशभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका नागरिकको जीवनस्तर सुधारका लागि बजेट विनियोजन गर्ने भएको छ । सो नाराअन्तर्गत पहिचान भएका गरिब परिवारलाई कृषि, पशुपालन र साना व्यावसायिक कार्यका लागि दिइने कर्जामा ब्याज अनुदान दिन १ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

### दिगो सडकको आधारः नियमित मर्मत सम्भार

दिगो सडकको आधारः नियमित मर्मत सम्भारको नाराअनुरुप सडक सम्पत्तिको प्रभावकारी तथा सुरक्षित उपभोग र जगेर्ना गर्न सरकारले कार्यक्रम तय गरेको छ । प्रदेश सरकारले सो अन्तर्गत प्रादेशिक सडकहरुको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारको लागि बजेट व्यवस्था गरेको छ ।

## २ सय ८६ जना

# हिंसापीडितलाई सेवा प्रदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) ले आर्थिक वर्ष २०८०/०८१ को साउन महिनादेखि जेठ महिनासम्म २ सय ८६ जना हिंसापीडितलाई सेवा प्रदान गरेको छ । केन्द्रले विभिन्न प्रकारका हिंसाबाट पीडित महिला, पुरुष तथा अल्पसङ्ख्यकलाई हिंसाबाट मुक्त बनाउँदै आएको छ ।

व्यवस्थापन केन्द्रको तथ्याङ्कअनुसार साउन महिनामा १० जना जबरजस्ती करणीको समस्या लिएर आएका थिए । २ जना यौनजन्य हिंसा, ६ जना शारीरिक हिंसा, ३ जना जबरजस्ती विवाह, १ जना घरेलु हिंसा र १३ जना अन्य समस्याले आएका केन्द्रकी इन्चार्ज अमृता श्रेष्ठले जानकारी दिनुभयो । यस्तै, भदौ महिनामा जबरजस्ती करणीका ११ जना, यौनजन्य हिंसा सम्बन्धी ३ जना, शारीरिक हिंसासम्बन्धी ४ जना, घरेलु हिंसाका ४ जना र १२ जना अन्य समस्याका पीडितले केन्द्रबाट सेवा लिएका छन् ।

असोज महिनामा ५ जना जबरजस्ती करणी, २ जना शारीरिक हिंसा, १ जना जबरजस्ती विवाह, २ जना घरेलु हिंसा पीडित र ८ जना अन्य समस्या लिएर आएका थिए । कार्तिक महिनामा ८ जना जबरजस्ती करणी र १ जना यौनजन्य हिंसा पीडित भई एकद्वार संकट व्यवस्थापन केन्द्रमा सेवा लिन आएका केन्द्रको तथ्याङ्क छ । केन्द्रको तथ्याङ्कअनुसार मंसिर महिनामा जबरजस्ती करणीका ७ वटा, यौनजन्य, शरीरिक र जबरजस्ती विवाहको घटनामा एक/एक जनाले सेवा लिएका छन् ।

पुस महिनामा जबरजस्ती करणी पीडित ९ जना, शारीरिक हिंसाका ४ जना, जबरजस्ती विवाहका एक जना, घरेलु हिंसाका ३ जना र अन्य हिंसाका ६ जना पीडित केन्द्रमा पुगेका श्रेष्ठले बताउनुभयो । माघ महिनामा जबरजस्ती करणीको घटनाका ३ जना, यौनजन्य हिंसामा १ जना, शारीरिक हिंसामा ६ जना, जबरजस्ती विवाहका ५ जना, घरेलु हिंसाका ३ जना पीडितले सेवा लिएको जनाइएको छ । यस्तै, फागुन महिनामा ६ जना जबरजस्ती करणी, २-२ जना यौनजन्य, शारीरिक, घरेलु हिंसाका, ३ जना जबरजस्ती विवाह र ९ जना अन्य समस्याका साथ केन्द्रमा सेवा लिन आएका हुन् ।

चैत महिनामा ५ जना जबरजस्ती करणी, एक-एक जना घरेलु र यौनजन्य, २-२ जना शारीरिक, मानसिक, जबरजस्ती विवाह र ६ जना अन्य हिंसाका पीडितले सेवा लिएका थिए । यस्तै, बैशाख महिनामा १२ जना जबरजस्ती करणी, ३-३ जना यौनजन्य र शारीरिक हिंसा, एक-एक जना घरेलु र जबरजस्ती विवाह र ७ जना अन्य हिंसाका समस्या लिएर आएका थिए । जेठ महिनामा ११ जना जबरजस्ती करणी, ३ जना यौनजन्य हिंसा, एक-एक जना घरेलु र शारीरिक हिंसा, जबरजस्ती विवाह, ३ जना मानसिक हिंसा र १० जना अन्य हिंसाका पीडितले केन्द्रमा सेवा लिन आएका थिए ।

तथ्याङ्कअनुसार साउन महिनामा ३३ जना महिला, एक जना पुरुष र एक जना अल्पसंख्यकले सेवा पाएका हुन् । भदौ महिनामा २८ जना महिला, ४ जना पुरुष र २ जना अल्पसंख्यक, असोज महिनामा १९ जना महिला, कार्तिक महिनामा ९ जना महिला, मंसिर महिनामा १८ जना महिला र एक जना अल्पसंख्यकले सेवा पाएको श्रेष्ठले बताउनुभयो ।

पुस महिनामा २० जना महिला र ३ जना पुरुष, माघ महिनामा २८ जना महिला र एक जना पुरुष, फागुन महिनामा २४ जना महिला र एक जना पुरुष, चैत महिनामा १९ जना महिला, बैशाख महिनामा २७ जना महिला र जेठ महिनामा २९ जना महिला र २ जना पुरुषले सेवा प्राप्त गरेका हुन् । केन्द्रमा मकवानपुरका गाउँपालिकाहरुबाट एक सय १९ जना, नगरपालिकाहरुबाट एक सय २० जना र अन्यत्रबाट २९ जनाले सेवा लिएको केन्द्रले जनाएको छ ।

ओसीएमसीले हेटौंडा अस्पतालका नर्सहरुलाई मात्र नभएर बाहिरका नर्स, स्वयम्सेविकाहरुलाई पनि अभिमुखीकरण गर्दै आएको छ । जबरजस्ती करणी र यौनजन्य हिंसाको अनुसन्धान एउटै भए पनि कानुन फरक हुने प्रहरीको भनाइ छ । जबरजस्ती करणी र यौनजन्य हिंसामा परेका मानिसहरुलाई स्वास्थ्य परीक्षण गराएर आएको रिपोर्टसहित अदालत पठाउने गरिन्छ ।

## *अल्छी बनाउने...*

परनिर्भर हुनु शुभसंकेत होइन । यो रेमिटेन्सको नकारात्मक प्रभाव हो ।

खेती किसानीमा खट्ने युवाहरू धेरैजसो बिदेसिएका छन् । विदेश जान नपाएकाहरू नेपालकै सहर बजारतिर पुगेका छन् । घरगाउँमै इलम गरेर बस्दा केही गर्न नसक्ने व्यक्तिको रूपमा चित्रित हुनुपर्ने सामाजिक डरले पनि युवाहरू पलायन हुन बाध्य भइरहेका छन् । विदेशबाट पठाइएको रेमिटेन्सले घरका मानिस भने अल्छी र सौखिन भइरहेका छन् । गाउँमै महिनापिच्छे करोडौं रेमिटेन्स भित्रिन थालेपछि बाहिरबाट झिकाइएका तरकारी, फलफूल खाने सोख पलाएको छ ।

रेमिटेन्सले आर्थिक वृद्धिलाई घटाउँछ, किनभने यसले रेमिटेन्स प्राप्त गर्ने घरपरिवारको आम्दानीले घरका अन्य सदस्यलाई काम गर्न अल्छी बनाउँछ । अर्थव्यवस्थाको एक क्षेत्रको तीव्र विकासले अन्य क्षेत्रमा गिरावटको गति प्रदान गर्छ । यति हुँदाहुँदै पनि अहिलेको समयमा रेमिटेन्स देशको अर्थतन्त्रको मेरुदण्ड भएको हुँदा दीर्घकालमा नेपाली कामदारलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने नीति लिँदै अल्पकालीन नीतिअन्तर्गत विदेश जाने नेपाली युवालाई तालिम र सीप प्रदान गर्ने र आप्रवासी कामदारले पठाएको रेमिटेन्सलाई लगानीको क्षेत्रमा प्रयोग गर्नेजस्ता कदम सरकारले चाल्नु आवश्यक छ । नत्र एकाथरी नेपालीहरू विदेशमा घोटिइरहने अर्काथरी स्वदेशमा बसेर बसीबसी खाने बानीले अल्छी बनिरहने प्रवृत्तिको विकासक्रम बढि नै रहन्छ । *स्रोतः कारोबारदैनिक)*

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
Email:sambridhasamaj@gmail.com


# क्लासिक टेकका भाग्यमानी ग्राहकलाई बुलेट बाइक

समाज संवाददाता

हेटौंडाः ईन्टरनेट सेवा प्रदायक क्लासिक टेकले आफ्ना सेवाको भुक्तानी अनलाइन सेवा सेल पेबाट गर्ने मध्ये एकजना भाग्यमानीलाई बुलेट बाइक दिने भएको छ । ईन्टरनेट टिभि सेवा समेत प्रदान गर्दै आएको क्लासिक टेकले सेल पेसँगको साझेदारीमा अफर ल्याएको हो । पछिल्लो समय सर्वसाधारणमा स्मार्ट फोनमार्फत अनलाइन नै भुक्तानी गर्ने प्रचलन बढेसँगै यस्ता अफरहरु आउने क्रम बढेको छ ।

क्लासिक टेकका नयाँ तथा पुराना ग्राहकले इन्टरनेट टिभिको शूल्क सेल पेबाट भुक्तानी गर्दा एकजना भाग्यशाली ग्राहकले बम्पर उपहार अन्तर्गत रोयल इनफिल्ड क्लासिक मोडलको ३३० सीसीको बुलेट बाइक जित्न सक्ने जनाइएको छ । यसका साथसाथै हरेक महिना म्याकबुक, आइप्याड र एप्पल वाच जित्ने अवसर पनि रहेको क्लासिक टेकले जनाएको छ ।

यस अफरमा पुराना ग्राहकका लागि रिचार्ज अफरमा ३२५ एमबीपीएससहित २०० प्लस एचडी र एसडी च्यानल रहेको इन्टरनेट टिभि ७९९ रुपैयाँ प्रतिमहिनामा उपलब्ध गराउने बताइएको छ । यस्तै नयाँ ग्राहकका लागि २०० एमबीपीएस इन्टरनेट ३ महिना ३ हजार ३ सय रुपैयाँमा राउटरसहितको प्याकेज रहेको कम्पनीले जानकारी गराएको छ । उक्त अफरहरु आउने कार्तिक मसान्तसम्म रहने कम्पनीले जनाएको छ ।



### पत्रकारको न्यूनतम पारिश्रमिकसम्बन्धी छलफल

# निर्धारित पारिश्रमिक लागु हुन नसकेको गुनासो



*छलफलमा सहभागी हुनुहुँदै न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्का ।*

समाज संवाददाता

हेटौंडाः न्यूनतम पारिश्रमिक निर्धारण समितिले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था र ऐन संशोधनको विषयमा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। नेपाल पत्रकार महासंघ मकवानपुरसँगको सहकार्यमा बिहिबार बिहान हेटौँडामा भएको कार्यक्रममा जिल्लामा क्रियाशील सञ्चारकर्मी र सञ्चार उद्यमीको सहभागिता रहेको थियो।

अन्तरक्रियामा न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले २०७५ सालमा न्यूनतम पारिश्रमिक निर्धारण गरेपछि पुनरावलोकन हुन नसकेकोले पुनरावलोकन गर्न लागिएको जानकारी दिनुभयो। यसअघि नै निर्धारण गरिएको पारिश्रमिक लागु हुन नसकेको उल्लेख गर्नुहुँदै थप सुधार गरेर जान चुनौतिपूर्ण रहेको खड्काले बताउनुभयो। प्रविधिका कारण पनि पत्रकारिताको अभ्यासमा निक्कै फेरवदल भएको उहाँले बताउनु भयो। छलफलमा प्राप्त सुझावका आधारमा नयाँ न्यूनतम पारिश्रमिक निर्धारण गरिने उहाँले बताउनुभएको छ।

कार्यक्रममा न्यूनतम पारिश्रमिक निर्धारण समितिकी सदस्य शान्ता अधिकारीले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गरे पनि लागु हुन नसकिरहेको भन्दै खुद व्यक्त गर्नुभएको छ। ऐन संशोधनको तयारी भइरहेको र जिल्लास्तरीय छलफलबाट प्राप्त हुने सुझाव महत्वपूर्ण हुने उहाँको भनाइ थियो। नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका महासचिव कृष्ण सारु मगरले आफू नै न्यूनतम पारिश्रमिक नपाएर पीडित हुनुपरेको गुनासो गर्नुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुर जिल्लाका अध्यक्ष मणिराज गौतमले न्यूनतम पारिश्रमिक लागु गर्न सञ्चार माध्यम जिम्मेवार हुनुपर्ने बताउनुभयो। कतिपय सञ्चार माध्यम लोककल्याणकारी सूचना वापतको रकमको लोभमा मात्रै सञ्चालनमा रहेको पनि उहाँको भनाइ थियो। अध्यक्ष गौतमले मकवानपुर जिल्लामा ५ वटा दैनिक समाचारपत्रसहित २२ वटा पत्रिका, १३ वटा एफएम रेडियो, २ वटा टेलिभिजन, ४० वटा अनलाइन रहेको जानकारी दिनुभयो।

कार्यक्रममा सहभागी सञ्चारकर्मी, सञ्चार उद्यमीले न्यूनतम परिश्रमिक निर्धारणसम्बन्धी छलफल औपचारिकतामा मात्रै सीमित भएको गुनासो गरेका थिए। समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले न्यूनतम पारिश्रमिकको मुद्दा मिडिया उद्यमी र मिडियाकर्मीसँग फरक फरक बसाईमा बहस तथा सुझाव संकलनको कार्य गर्नुपर्ने सुझाव दिनुभयो। न्यूनतम पारिश्रमिकसँगै पत्रकारको न्युनतम योग्यताको विषयमा पनि ध्यान दिनुपर्ने उहाँको भनाई थियो। नेपाल पत्रकार महासंघ नै अस्तित्वको संकटमा रहीरहेका बेला श्रमजीवी पत्रकारको मात्रै नभई सञ्चारगृहको अवस्थाका बारेमा पनि ध्यान दिनुपर्ने उहाँले बताउनुभएको छ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाका निवर्तमान अध्यक्ष हरिप्रसाद हुमागाईले सञ्चार माध्यमहरुको संस्थागत विकास हुन नसक्नु श्रमजीवी पत्रकारले न्यूनतम पारिश्रमिक पाउन नसक्नुको प्रमुख कारण भएको बताउनुभयो। मकवानपुर जिल्लाका अधिकांश सञ्चार माध्यम स्वरोजगारमुखी भएको उहाँको भनाई थियो। सञ्चारकर्मी सरिता शशीले सञ्चार माध्यमका सञ्चालकले बिना कारण भोलिदेखि समाचार नपठाउनु भनी फोनमार्फत जानकारी गराउने जस्तो गैरजिम्मेवारीपूर्ण काम भएको गुनासो गर्नुभयो।

# बाल साहित्य महोत्सव हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको आयोजनामा एक दिने बाल साहित्य महोत्सव हुँदैछ। आज शुक्रबार हुने महोत्सवमा मकवानपुरगढी गाउँपालिकाभित्रका आधारभूत र माध्यमिक गरी १६ वटा विद्यालयका विद्यार्थीको सहभागिता रहने गाउँपालिकाका सामाजिक विकास अधिकृत सूर्यबहादुर गुरुङले जानकारी दिनुभयो।

महोत्सवमा कविता, निबन्ध र नृत्यजस्ता कार्यक्रमहरु गरिने उहाँले जानकारी दिनुभयो। बालमैत्री स्थानीय शासन कार्यान्वयनमा स्थानीय तहको भूमिका शीर्षकमा निबन्ध प्रतियोगिता हुनेछ। निबन्ध प्रतियोगिताको निर्णय यश लामाले गर्नुहुने गुरुङले बताउनुभयो।

कविताको निर्णायकमा शान्तिप्रिय बन्दना, पुरुषोत्तम आचार्य र छवि अनित्य रहनुहुनेछ। कविता राष्ट्रियताको भाव झल्कने हुनुपर्ने उहाँले जानकारी दिनुभयो। नृत्यमा राजकुमार थिङ, सुनिता लामा र मनोज लामाले निर्णायकको भूमिका निर्वाह गर्नुहुनेछ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई प्रशंसापत्रसहित स्टेशनरी सामग्री वितरण गरिने उहाँले जानकारी दिनुभयो। महोत्सव वरिष्ठ साहित्यकार डा. नवराज नम्सालको विशिष्ट आतिथ्य तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा हुनेछ।

# थाहा नगरमा आज सार्वजनिक बिदा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकाले स्व. रुपचन्द्र विष्ट (थाहा) को २५ औं स्मृति दिवसका दिन आज शुक्रबार सार्वजनिक बिदा दिएको छ। थाहा नगरपालिकाले मंगलबार एक सूचना जारी गर्दै रुपचन्द्र विष्टको २५ औं स्मृति दिवसका दिन सार्वजनिक विदा दिने जानकारी गराएको थियो।

साविकको दामन गाविस-१ (हालको थाहा नगरपालिका-३) मा जन्मिएका रुपचन्द्र विष्टको २०५६ साल असार ७ गते वीर अस्पतालमा मृत्यु भएको थियो। कथनी र करनी एउटै भएका स्व. विष्ट २०३८ र ०४३ सालमा मकवानपुरबाट राष्ट्रिय पंचायतका सदष्यमा विजयी भएका थिए। १९९० पुस २६ गते जन्मिएका विष्टले मुलुकमा ईमानको राजनीति गरेका थिए। निर्वाचन कसरी लड्नु पर्छ र जनप्रतिनिधि कस्तो हुनु पर्छ भन्ने उदाहरण प्रस्तुत गरेका थिए। उनको त्याग तपस्यालाई चिरस्थायी राख्नका लागि ०७३ सालमा दामन, पालुङ, आग्रा, टिष्टुङ, चित्लाङ र बज्रवराही गाविस समेटेर थाहा नगरपालिका नामकरण गरिएको थियो।

थाहा नगरपालिकाको शिखरकोट बजारमा उनको पूर्णकदकको सालिक निर्माण गरिएको छ। स्व. विष्टको योगदानलाई चिरस्थायी बनाउनका लागि उनको स्मृति दिवसका दिन पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेको पालिकाका मेयर विष्णु विष्टले बताए। विष्टको स्मृतिमा शुक्रबार थाहा नगरपालिका, हेटौंडा उपमहानगरपालिका लगायतका क्षेत्रमा प्रवचन, गोष्ठी वृक्षरोपणजस्ता विभिन्न कार्यक्रम गरिँदै छ।

### मोटरसाइकलको ठक्करबाट परियारको मृत्यु

# बोलेरो दुर्घटनामा गुरुङको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनमा मोटरसाइकलको ठक्करबाट पैदलयात्री रामकृष्ण परियार र धादिङ जिल्लामा बोलेरो दुर्घटनामा परी लोकबहादुर गुरुङको मृत्यु भएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२३, कृष्णाचोकमा मोटरसाइकलले ठक्कर दिँदा भरतपुर महानगरपालिका-२१ का ३५ बर्षीय रामकृष्ण परियारको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बुधबार कृष्णचोकबाट ७ नम्बर बजारतर्फ जाँदै गरेको बा प्र ०२-०१९ प ६४७१ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा परियार गम्भिर घाइते भएका थिए। घाइते परियारलाई उपचारका लागि नयाँ मेडीकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा बिहिबार बिहान ५ बजेर २६ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै धादिङ जिल्लाको सिद्लेक गाउँपालिका-२, खिरेभन्ज्याङमा बोलेरो जीप अनियन्त्रित भई सडकबाट ५१ बर्षीय लोकबहादुर गुरुङको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बुधबार राती १० बजेर ३० मिनेटको समयमा खिरेभन्ज्याङबाट पोखरी गाउँतर्फ जाँदै गरेको ज १ ज ४४४ नम्बरको बलेरो अनियन्त्रित भई सडकदेखि २ सय मिटर तल खस्दा २ जना घाइते भएका थिए। दुर्घटनामा परी चालक ५५ बर्षीय कृष्णमान श्रेष्ठ र लोकबहादुर गुरुङ घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि जिल्ला अस्पताल धादिङ लगिएकोमा उपचारको क्रममा गुरुङको राती १० बजेर २६ मिनेटमा मृत्यु भएको थियो। श्रेष्ठको सोही अस्पतालमा उपचार भइरहेको छ।

# शुक्रबार हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड बन्द रहने

समाज संवाददाता

हेटौंडाः हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड भोलि शुक्रबार बन्द रहने भएको छ। बोर्डले बिहिबार एक सुचना जारी गर्दै कार्यालयको सहयोगी पदमा कार्यरत कर्मचारी दिल बहादुर चौलागाईको निधनप्रति शोक व्यक्त गर्दै शुक्रबार एक दिन कार्यालयमा शोक बिदा गरिएकोले कार्यालय बन्द रहने जनाएको छ।

चौलागाईको हृदय घातका कारण बुधबार मकवानपुर सहकारी अस्पतालमा निधन भएका थियो। चौलागाई ६ वर्षदेखि बोर्डमा कार्यालय सहयोगीको रुपमा काम गर्दै आएको बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले बताउनुभयो। शुक्रबार कार्यालयबाट प्रवाह हुने खानेपानी उत्पादन/वितरण बाहेक अन्य सेवाहरु बन्द रहने बोर्डले जारी गरेको सुचनामा उल्लेख गरिएको छ।

# रास्वपाको स्थापना दिवसमा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, बुद्धचोकमा भएको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जिल्ला समिति मकवानपुरले पार्टी स्थापना दिवसको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा २७ जना पुरुष र ५ जना महिलाले रक्तदान गरेका छन्।

पार्टीको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत आइतबार र सोमबार पूर्वाधार अनुगमन, सोमबार कार्यक्रमको बारे जानकारी, मंगलबार वृक्षरोपण र बुधबार हेटौंडा-४ स्थित हुप्रचौरमा सरसफाइ कार्यक्रम गरिएको संयोजक विशाल राज महतले बताउनुभयो। शुक्रबार सप्ताहव्यापी कार्यक्रमको समापन हुनेछ। रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा रास्वपाका प्रदेश प्रवक्ता उत्सव अर्याल र जिल्लाका सभापति भरत पराजुली लगायतको उपस्थिति रहेको थियो।

शुक्रबार पतञ्जली योग समितिको आयोजनामा रोयल पार्टी प्यालेसमा र शनिबार हेटौंडा-८, कमानेमा अस्तित्व ब्यान्डको आयोजनामा रक्तदान कार्यक्रम हुने रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक प्रसाद दहालले जानकारी दिनुभएको छ।

# न्यून विद्यार्थीका कारण ३ विद्यालय डिग्रेडिङमा

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाकाका ३ विद्यालयलाई डिग्रेडिङ (कक्षा घटाउ) गरिएको छ। जेठ ६ गते बसेको शिक्षा समितिको बैठकले मकवानपुरगढी गाउँपालिका-३, देवीडाँडास्थित सरस्वती आधारभूत विद्यालय र कालिखोलास्थित कालीदेवी आधारभूत विद्यालयलाई डिग्रेडिङ गरी विद्यार्थीलाई भानु माध्यमिक विद्यालयमा ल्याइएको र गढी गाउँपालिका-५, सोलिथुमस्थित अमरसिंह विद्यालयलाई शारदा माविममा ल्याइएको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलानले जानकारी दिनुभयो।

सार्वजनिक विद्यालय समायोजन तथा एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ अनुसार प्रतिशिक्षक ४५ जना विद्यार्थी हुनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकामा विद्यार्थी संख्या न्यून भएका कारण १५ जना विद्यार्थी हुनुपर्ने व्यवस्था गरेको गाउँपालिकाका स्रोत शिक्षक दाशरथि उपाध्यायले जानकारी दिनुभयो। कार्यविधिअनुसार कक्षाकोठामा आवश्यक विद्यार्थी संख्या पूरा नभएका कारण विद्यालयलाई डिग्रेडिङ गरिएको हो।

सरस्वती आधारभूत विद्यालयमा ८ कक्षासम्म ४८ जना विद्यार्थी रहेको र कालीदेवी आधारभूत विद्यालयमा २० जना विद्यार्थी भएका कारण डिग्रेडिङ गरिएको हो। सरस्वतीका ४ देखि ८ कक्षासम्मका विद्यार्थीलाई र कालीदेवीका ४ र ५ कक्षाका विद्यार्थीलाई भानु माध्यमिक विद्यालयमा ल्याइएको घलानले जानकारी दिनुभयो।

यस्तै, मकवानपुरगढी गाउँपालिका-५, सोलिथुमस्थित अमरसिंह आधारभूत विद्यालयलाई डिग्रेडिङ गरी विद्यार्थीलाई शारदा माध्यमिक विद्यालयमा ल्याइएको छ। अमरसिंहमा कक्षा ५ सम्म पठनपाठन हुने गरेको थियो। अमरसिंहमा तीन कक्षासम्म पठनपाठन गराइने र कक्षा ४ र ५ का विद्यार्थीलाई शारदा माविमा ल्याइने व्यवस्था गरिएको शिक्षा शाखा प्रमुख घलानले जानकारी दिनुभयो।


अङ्ग्रेजी भाषामा पठनपाठन हुने भानु माध्यमिक विद्यालयका प्रधाानाध्यापक राजेन्द्र थापाका अनुसार ग्रेडिङ प्रणालीअनुसार विद्यालयमा आएका विद्यार्थीलाई समान तह र समान कक्षामा पठनपाठन गराइनेछ। विद्यार्थीले पढ्न नसकेको खण्डमा शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको बैठक गरी विद्यार्थीलाई नेपाली माध्यममा पढाइनेछ। भानु माध्यमिक विद्यालयमा एक कक्षादेखि १० कक्षासम्म ४ सय २२ जना विद्यार्थी रहेका थिए भने सरस्वतीका ३४ विद्यार्थी थप भएका छन्।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान।

Laya Shrestha

Pradip Adhikari
उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने

सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

लैङ्गिक तथा यौनिक 'अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं'।
संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।
लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,
- मानवअधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड